# स्थानीय तहमा युवा परिषद **गठन तथा**
# **परिचालन सम्बन्धी सामग्रीहरूको सङ्गालो**

# स्थानीय तहमा युवा परिषद कार्यविधि (नमुना)

प्रकाशक
नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर

**अनुसूची २ः ........गाउ/नगरपालिकाको स्थानीय युवा परिषद् गठनसम्बन्धी विधेयक २०..........**

प्रमाणीकरण र प्रकाशन मिति ....................

**प्रस्तावनाः**

युवाको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तीकरणका साथै शिक्षा, सीप, उद्यमशीलता र रोजगारीलाई प्रवर्द्धन गर्दै स्थानीय स्रोत र साधनको अधिकतम उपयोगबाट समुन्नत स्थानीय तह निर्माणका लागि युवासम्बन्धी नीति निर्माणदेखि कार्यान्वयन तहसम्म उनीहरूको सार्थक सहभागिता वृद्धि गरी विकासमा मूलप्रवाहीकरण गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी .........गाउँ/नगर पालिका को ...........औं गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद—१ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “स्थानीय युवा परिषद् ऐन २०···रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको दिनदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “अध्यक्ष” भन्नाले स्थानीय युवा परिषद्को अध्यक्ष सम्झनुपर्छ ।

(ख) “उपाध्यक्ष” भन्नाले परिषद्को उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको ऐनमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) “परिषद्” भन्नाले यस ऐनको दफा ३ बमोजिम स्थापना भएको स्थानीय तहको गाउँ वा नगर युवा परिषद् सम्झनुपर्छ ।

(ङ) “युवा” भन्नाले राष्ट्रिय युवा परिषद ऐन २०७२ अनुसार तोकिएको उमेर समूहका व्यक्ति सम्झनुपर्छ ।

(च) “विशेष समुदायको युवा” भन्नाले द्वन्द्व पीडित, जोखिममा परेका, दलित, दुर्गम तथा गरिबीको रेखामुनि रहेका, अपाङ्गता भएका वा सीमान्तकृत, अल्पसंख्यक समुदायका युवा सम्झनुपर्छ ।

(छ) “सदस्य” भन्नाले स्थानीय युवा परिषद्को सदस्य सम्झनुपर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य—सचिव समेतलाई जनाउँछ ।

(ज) “क्लब” भन्नाले यस ऐन वा यस ऐन अनुसार बन्ने नियमबमोजिम गठन हुने स्थानीय तहको हरेक वडामा गठन हुने १६ देखि २४ वर्ष (तोकीए बमोजिमको) उमेर समूहका युवाहरू सम्मिलित युवाक्लबलाई जनाउँछ ।

(झ) यो ऐन .... गाउँ/नगर पालिकाको क्षेत्रभित्र लागू हुनेछ ।

## परिच्छेद —२ स्थानीय युवा परिषद्को गठन, काम, कर्तव्य र अधिकार

**३. परिषद्को गठनः** (१) स्थानीय युवा परिषद्को गठन देहायबमोजिम हुनेछ ।

*(यसै मार्गदर्शनको परिच्छेद ५ बमोजिमको उपयुक्त विकल्प छनौट गर्न सकिनेछ । र छनौट गरीएको विकल्प अनुसार यो विधेयकमा समेत परिमार्जन गर्दै लिन सकिनेछ ।)*

(२) मनोनित सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

(३) यस ऐनको दफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा स्थानीय सरकारले निजलाई जनुसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मनोनित सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

**४.परिषद्को काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) युवासम्बन्धी दीर्घकालीन स्थानीय नीति तर्जुमा गरी स्थानीय सरकार समक्ष सिफारिस गर्ने,

(ख) स्थानीय सरकारबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(ग) परिषद्सँग आवद्धता प्राप्त गर्ने संघ, संस्थाहरूले पालना गर्नुपर्ने सर्तहरू निर्धारण गर्ने,

(घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रूपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ङ) युवालाई स्थानीय तह तथा राष्ट्र निर्माणमा सहभागी हुन उत्प्रेरित गर्ने,

(च परिषद्को वार्षिक योजना कार्यक्रम तथा बजेट तर्जुमा गर्ने,

(छ) युवा विकास, सशक्तीकरण एवं मूलप्रवाहीकरणसम्बन्धी विषयमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई सुझाव दिने,

(ज) स्थानीय स्तरमा युवा जागरण, सशक्तीकरण र परिचालन गर्ने

(झ) स्थानीय स्तरमा युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास गर्ने,

(ञ) युवाका क्षेत्रमा काम गर्न राष्ट्रिय युवा परिषद् र प्रदेश युवा परिषद्सँग समन्वय, सहकार्य र साझेदारी गर्ने,

(ट) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

**५. परिषद्को बैठक र निर्णयः** (१) परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) परिषद्को बैठक अध्यक्षको निर्देशनमा उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूचीसहितको सूचना परिषद्का सदस्य—सचिवले सदस्यहरूलाई दिनेछ ।

(४) परिषद्‌मा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्‌को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्‌को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) परिषद्‌को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्‌को बैठकको निर्णय उपाध्यक्षले प्रमाणित गरी राख्नेछ ।

(८) कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषद्‌को बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्नसकिनेछ ।

(९) परिषद्‌को बैठकसम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद — ४ समन्वय र सहकार्य

८. **युवासम्बन्धी संघ, संस्थासँग समन्वय र सहकार्य** (१) युवाको हक, हितको संरक्षण र विकास गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका स्थानीय तहको क्षेत्रभित्र काम गर्न चाहने संघ संस्थासँग परिषद्‌ले समन्वय र सहकार्य गर्न सक्नेछ ।

## परिच्छेद — ५ अध्यक्ष/उपाध्यक्ष/सदस्य सचिव; सचिवालय तथा लेखा व्यवस्थापन

९. **अध्यक्ष/उपाध्यक्ष/सदस्य सचिव सम्बन्धि व्यवस्थाः (१) स्थानीय सरकारले परिषद्‌को कार्यकारी प्रमुखको** रुपमा काम गर्न अध्यक्ष/उपाध्यक्ष/सदस्य सचिवको नियुक्ति गर्नेछ ।

(२) दफा १ बमोजिम नियुक्तिका लागि सिफारिस गर्न प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा अन्य दुईजना विज्ञ सदस्य रहेको एक समिति रहनेछ ।

(३) अध्यक्ष/उपाध्यक्ष/सदस्य सचिव ले स्थानीय सरकारले तोके बमोजिमको पारिश्रमिक र सुविधा पाउनेछ ।

(४) अध्यक्ष/उपाध्यक्ष/सदस्य सचिवको पदावधि ४ बर्षको हुनेछ तर आफ्नो पद अनुरुपको आचरण नगरेमा पदिय जिम्मेवारी पुरा नगरेमा वा परिषद्‌लाई हानी नोक्सानी पुर्याएमा स्थानीय सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा ४ बमोजिम निजलाई पदबाट हटाउनु अघि सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

(६) अध्यक्ष/उपाध्यक्ष/सदस्य-सचिव को सेवाको अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

१०. **अध्यक्ष/उपाध्यक्ष/सदस्य सचिव को काम कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र उल्लिखित काम कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्ष/उपाध्यक्ष/सदस्य सचिवका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) परिषद्‌बाट स्वीकृत नीति योजना र कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

ख) परिषद्‌को बार्षिक योजना कार्यक्रम तथा बजेट तयार गरि परिषद्‌मा पेश गर्ने,

ग) परिषद्बाट संचालित योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने गराउने,

घ) परिषद्मा पूर्णकालिक रुपमा काम गर्ने,

ङ) अन्य तोकिएबमोजिमका कार्य ।

**११.परिषद्को सचिवालयः (१) स्थानीय तहका लागि स्वीकृत संगठन संरचनाअनुसार युवासम्बन्धी विषय हेर्ने शाखा/महाशाखा/विभागले परिषद्को सचिवालयको काम गर्नेछ ।**

**१२. लेखा र लेखाप्रणालीः (१) परिषद्ले आफ्नो आय व्ययको लेखा र लेखा प्रणाली प्रचलित कानुन र** स्थानीय सरकारले तोकेबमोजिम हुनेछ।

## परिच्छेद—६ विविध

**१३. भाग लिन नहुनेः** परिषद्को कुनै सदस्य वा पदाधिकारीले परिषद्को ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन ।

**१४. कार्यदल गठन गर्नसक्नेः** (१) परिषद्ले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावली बमोजिम आफूले गर्नुपर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सो कार्यदल गठन गर्दाका बखत परिषद्ले तोकेबमोजिम हुनेछ ।

**१५. सेवा सुविधा तथा बैठक भत्ताः** (१) परिषद्का अध्यक्ष, उपाध्यक्ष र सदस्य, तथा दफा १३ बमोजिमको कार्यदलका सदस्यले बैठकमा भाग लिए वापत स्थानीय सरकारको आर्थिक कार्यविधिबमोजिम सेवा सुविधा तथा बैठक भत्ता पाउनेछन् ।

**१६. वार्षिक प्रतिवेदनः** (१) परिषद्बाट कार्यान्वयन भएका कार्यक्रमहरूको वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र स्थानीय कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त युवाको क्षेत्रमा देखिएका मुद्दा, समस्या र चुनौती तथा सोको समाधानका उपायसमेतको विवरण उल्लेख गर्नुपर्नेछ ।

(३) परिषद्ले आफूलाई प्राप्त स्रोत साधन, सम्पादन गरेका कार्य र तिनको उपलब्धि एवं गरेको अन्य काम कारवाहीको विवरण सर्वसाधारणको जानकारीको लागि प्रत्येक वर्ष प्रकाशन गर्नुपर्नेछ ।

**१७. निर्देशन दिनसक्नेः** (१) राष्ट्रिय युवा परिषद्, प्रदेश युवा परिषद् वा संघ, प्रदेश र स्थानीय सरकारले परिषद्को काम कारवाही तथा सुधारको विषयमा आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्नसक्नेछन् ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन, समन्वय र सहजीकरणको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

**१८. अधिकार प्रत्यायोजनः** (१) परिषद्ले यो ऐनबमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्का अध्यक्ष, उपाध्यक्ष, कुनै सदस्य वा सदस्य—सचिवलाई प्रत्यायोजन गर्नसक्नेछ ।

**१९. सपथ ग्रहणः** परिषद्का पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची १ बमोजिम सपथ ग्रहण गर्नुपर्नेछ ।

**२०. सहयोग गर्नुपर्नेः** परिषद्को काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**२१. परिषद्को विघटनः** (१) परिषद्ले यस ऐनको उद्देश्य बमोजिम काम गर्न नसकेमा स्थानीय सरकारले जुनसुकै बखत परिषद् विघटन गर्नसक्नेछ ।

**२२. सम्पर्क राख्नेः** परिषद्ले नेपाल सरकार र प्रदेश सरकारसँग सम्पर्क राख्दा स्थानीय सरकार मार्फत् राख्नुपर्नेछ ।

## अनुसूचीहरु

## अनुसूची १

(ऐनको दफा १७ सँग सम्बन्धित)

पद तथा गोपनीयताको सपथ

म.............................................. (सपथ लिने व्यक्तिको नाम) ................................ मुलक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु-ईश्वर-देश र जनताका नाममा सपथ लिन्छु कि —.गाउ/नगरपालिकाको स्थानीय युवा परिषद्को .............................. पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझेसम्म कर्तव्य सम्झी देश तथा परिषद्प्रति बफादार रही, भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधीनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन ।

सपथ ग्रहण गर्नेको :

नाम :

दस्तखतः

मिति ;

पद ;

कार्यालयः

सपथ ग्रहण गरेको प्रमाणित गराउनेकोः

नामः

दस्तखतः

मिति :

पद;

# स्थानीय युवा नीतिको ढाँचा (नमुना)

## परिच्छेद १ः परिचय

**१.१. पृष्ठभूमी**

नीतिसँग सम्बन्धित बिगत एवं वर्तमान अवस्थाको संक्षिप्त विवरण।

**१.२. समस्या तथा चनुौती र नीतिको आवश्यकता**

प्रस्तावित नीतिसँग सम्बन्धित विषयको विद्यमान समस्या, चनुौती एवं नयाँ नीति तर्जुमाको आवश्यकताको संक्षिप्त पुष्टयाँइ।

## परिच्छेद २ः नीति संरचना

**२.१. दूरदृष्टि (Vision)**

नीतिले अवलम्बन गरेको भविश्य उन्मुख सोंच।

**२.२. ध्ययेे (Mission)**

दूरदृष्टि अनुसारको अवस्था हासिल गर्ने माध्यम।

**२.३. लक्ष्य (Goal)**

नीतिको दूरदृष्टि र ध्येय हासिल गर्नको निम्ति आवश्यक विशिष्ट, मापनयोग्य र समय-निश्चित लक्ष्य।

**२.४. उद्देश्य (Objective)**

नीतिको लक्ष्य हासिल गर्न लिईने उद्देश्यहरु।

**२.५. नीति (Policy)**

नीतिका उद्देश्य हासिल गर्न अवलम्बन गरिने मूख्य बिषयहरुको बुदाँगत प्रस्तुति।

**२.६. रणनीति ( Strategy )**

प्रत्येक नीतिलाई कार्यान्वयनमा लैजान अवलम्बन गरिने छुट्टाछुट्टै रणनीतिहरु।

**२.७. कार्यनीति ( Action Policy )**

प्रत्येक रणनीतिहरुसँग सम्बन्धित प्रमुख क्रियाकलापहरुको बुदाँगत प्रस्तुति।

## परिच्छेद ३ः नीति कार्यान्वयन

**३.१. संस्थागत व्यवस्था**

नीति कार्यान्वयनको संस्थागत व्यवस्था।

**३.२. काननुी व्यवस्था**

नीति कार्यान्वयनको लागि आवश्यक कानूनी प्रबन्ध।

**३.३. वित्तीय व्यवस्था**

नीति कार्यान्वयनको लागि आवश्यक पर्ने स्रोतको व्यवस्था।

**३.४. नीति समन्वय र सामञ्जस्यता**

अन्य क्षेत्रगत नीतिहरुबीच समन्वय र सामञ्जस्यता तथा नीति कार्यान्वयनमा भूमिका र जिम्मेवारी ।

**३.५. जोखिम पहिचान र व्यवस्थापन**

नीति कार्यान्वयनमा आउन सक्ने संभावित जोखिम पहिचान र व्यवस्थापनका उपायहरू।

**३.६. अनुगमन, मूल्याङ्कन तथा नीति पनुरावलोकन**

नीतिको अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था र नीति पनुरावलोकनको प्रबन्ध।

**३.७. नीति कार्यान्वयन कार्ययोजना**

नीतिमा उल्लेखित कार्यनीतिहरु कार्यान्वयनका लागि संलग्न अनुसची बमोजिमको नीति कार्यान्वयन कार्ययोजना।

**३.८. खारेजी र बचाउ**

जारी गरिएको नीतिले कुनै पुरानो नीति खारेज गर्ने भए सो खारेजी र सो नीति अन्तर्गत भएका कार्यहरूको बचाउ।

**अनुसूचीहरु**

# स्थानीय युवा परिषद् सम्बन्धी सहजीकरण पुस्तिका २०८२
# (नमूना)

विषयसूची

# स्थानीय युवा परिषद् गठन सम्बन्धी मार्गदर्शन

## परिच्छेदः १ परिचय

### पृष्ठभूमी

युवा नै देशका धरोहर हुन, परिबर्तनका शक्ति हुन् । समग्र बिकासका मेरुदण्ड हुन् ।युवा शक्ति राष्ट्रको अमूल्य सम्पति हो । युवाहरु वास्तविक अर्थमा देश र समाजका सबै खाले परिबर्तनका बिज गणितका शुत्र हुन् । उर्जा, साहस, सिर्जनशिलता, सिक्ने क्षमता एवं आत्मविश्वासका कारण यो बर्ग राष्ट्रको प्रमुख धरोहरको रुपमा रहेको हुन्छ। जसलाई राष्ट्र निर्माण र समृद्धिको प्रमुख स्रोत समेत मानिन्छ। युवा देशको राजनीतिक, आर्थिक, सामाजिक सांस्कृतिक तथा अन्य सबै तहहरुमा रुपान्तरणका अग्रदुत र परिवर्तनका संवाहक शक्ति भएकोले सरकारका सबै अङ्गमा युवाको सहभागिता अपरिहार्य छ । तर नेपालमा युवाहरुलाई उच्च प्राथमिकतामा राखि नीति संरचना र व्यबहारमा रुपान्तरण हुन सकेको देखिदैन।

नेपालमा सन् २००४ तिरबाट सरकारी तथा गैरसरकारी तवरमा अन्तर्राष्ट्रिय युवा दिवस मनाउने क्रमको थालनी भयो। उक्त दिवस मनाउने क्रममा नै युवाका हकहित, जागरण र नीतिका बारेमा घनीभूत छलफल हुन थाल्यो। यसै क्रममा युवाका लागि अलग्गै मन्त्रालय, नीति र संरचनाको आवश्यकता महसुस गर्न थालियो। फलस्वरूप वि.सं. २०६५ मा युवा तथा खेलकुद मन्त्रालयको स्थापना भयो। यसभन्दा अगाडि शिक्षा मन्त्रालयको एउटा सानो कोठामा युवा विकास महाशाखाको रूपमा सीमित रहेको संरचना मन्त्रालयका रूपमा विस्तारित भयो। युवाको क्षेत्रमा क्रियाशील विभिन्न राजनीतिक, सामाजिक तथा नागरिक सङ्घसङ्गठनको सक्रियता र युवा मन्त्रालयको अग्रसरतामा २०६६ सालमा पहिलो पटक राष्ट्रिय युवा नीति पारित भयो । यस नीतिले नेपालमा युवा सशक्तीकरणका निम्ति राष्ट्रिय युवा परिषद् स्थापनाको आवश्यकता ठहर गऱ्यो । २०६६ सालमा मस्यौदा गरिएको राष्ट्रिय युवा नीतिकै जगमा बहुपक्षीय सरोकारवालाको सहभागितामा राष्ट्रिय युवा नीति, २०७२ अझ ब्पापक र विस्तारित रूपमा मन्त्रिपरिषद्बाट पारित गरी जारी गरियो। उक्त नीतिकै जगमा संसद्ले युवा विकास र सशक्तीकरणका लागि राष्ट्रिय युवा परिषद् ऐन, २०७२ पारित गरेपछि सोही वर्षको फागुन १९ गते राष्ट्रिय युवा परिषद् गठन तथा स्थापना भयो।

२०७२ सालमा पारित नेपालको संविधान बमोजिम मुलुक संघीयतामा प्रवेश गरेसँगै केन्द्रमा राष्ट्रिय युवा परिषद् गठन तथा स्थापना भई युवा विकासका पाँच स्तम्भहरु गुणस्तरीय र व्यावसायिक शिक्षा, रोजगारी, उद्यमशीलता र सिप विकास, स्वास्थ्य र सामाजिक सुरक्षा, युवा परिचालन, सहभागिता र नेतृत्व विकास, र खेलकुद र मनोरञ्जन लगायतका आधारमा युवालक्षित कार्यक्रम निर्माण र स्वीकृत गरी कार्यान्वयन भईरहेको छ भने केहि प्रदेश र स्थानीय तहहरुमा प्रदेश युवा परिषद् र स्थानीय युवा परिषद्हरु समेत गठन भई बिभिन्न युवा लक्षित कार्यक्रमहरु संचालन गरिरहेका छन् । यसै सन्दर्भमा

स्थानीय युवा परिषद् गठन तथा स्थापना प्रकृयालाई सरल र सहज बनाउन यो मार्गदर्शन तयार पारिएको छ।

## उद्देश्य

स्थानीय युवा परिषद् गठन र स्थापना प्रकृयामा सहयोग र सहजता कायम गर्नु यस मार्गदर्शनको प्रमुख उद्देश्य रहेको छ । यसका अन्य उद्देश्यहरु निम्नानुसार रहेका छन।

- स्थानीय युवा परिषद्को अबधारणा, आवश्यक्ता र महत्वको बारेमा स्पष्ट पार्दै सबै स्थानीय तहहरुलाइ गठनका लागि प्रोत्साहित गर्नु,
- मुलुकको दिगो विकास, सुशासन र समृद्धिकालागी स्थानीय तहदेखि नै युवा सहभागिता, सशक्तिकरण र सचेतिकरण अभिवृदि गर्नु,
- राष्ट्र निर्माणमा युवाहरुको योगदान, अनुशासन र अपनत्व वृद्धि गर्नु,

### स्थानीय युवा परिषद्को अबधारणा

वि. सं. २०७२ साल असोज ३ गते नेपालको संविधान पारित भएसँगै मुलुकमा संघीय शासन प्रणालीको सुरुवात भई संघ, प्रदेश र स्थानीय सरकार संचालनमा रहेका छन । संविधानले तिनवटै तहका सरकारलाई स्व-शासन तथा साझा-शासनका आधारमा राजनितिक, प्रशासनिक, वितीय तथा कानुनी लगायतका अधिकार, शक्ति, स्रोत र अवसरहरुको बाँडफाँड गरेको छ । मुलुकका तिनै तहमा स्वायत्त शासनको अभ्यास समेत भईरहेको छ ।

यस सन्दर्भमा स्थानीय युवा परिषद् भोलिका कर्णधार मात्र नभइ आजका साझेदार समेत मानिने आम युवाहरुको हक, हित र अधिकारहरुको संरक्षण र संवर्द्धन गर्दै स्थानीयस्तरमा उनीहरुको नेतृत्व, व्यक्तित्व, वक्तित्व तथा क्षमता विकास एवं सशक्तिकरण, सवलिकरण र मूलप्रवाहिकरण गर्ने युवाहरुको साझा संस्था हो । यो युवा र स्थानीय सरकारबीचको सम्बन्ध सेतु हो। यसले युवाहरुलाई स्थानीय तथा समग्र मुलुकी शासकीय प्रकृया र युवाहरुको कर्तव्य र दयित्वका बारेमा जानकारी गराउदै उनीहरुमा राष्ट्रप्रतिको जवाफदेहिता, राष्ट्रियता, अनुशासन र अपनत्वको बढोत्तरी गर्न सहयोग गर्छ। यसले यिनै विषयमा केन्द्रित रहि विभिन्न युवा लक्षित कार्यक्रमहरु संचालन गर्दछ। हाल करिव ३५ वटा स्थानिय तहहरुमा स्थानीय युवा परिषद् गठन तथा स्थापना भएको पाईन्छ।

## आबश्यक्ता र औचित्य

स्थानीय युवा परिषद् बिबिध बिषय र क्षेत्रमा स्थानीय नेतृत्व उत्पादनको एक अटुट मुहान हो भने समग्र युवाका समस्या र मुद्दाहरुमा छलफल, बहश र पैरवी गरी समाधान निकाल्ने उपयुक्त थलो

पनि हो। तसर्थ स्थानीय तहमा यसको आबश्यक्ता र औचित्य दिनानुदिन बढिरहेको छ ।जसलाई बुदाँगत रुपमा देहायबमोजिम पुष्टि गर्न सकिन्छ।

- ❖ युवाको हक हितको संरक्षण संवर्द्धन र प्रबर्द्धन गर्न,
- ❖ युवाको सर्वाङ्गिन विकास, सशक्तिकरण, सवलिकरण र मूलप्रबाहिकरण गर्न,
- ❖ शिक्षा, श्रम, सिप, उद्यमशिलता र रोजगारी प्रबर्द्धन गर्न,
- ❖ स्थानीय स्रोतसाधनको उच्चतम उपयोग गर्न,
- ❖ स्थानीय तह एवं समग्र राष्ट्रको विकास, सुशासन र समृद्धिकालागि युवाहरुको योगदान र उपयोग बढाउन ,
- ❖ युवासम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयनमा युवाहरुको सहभागिता अभिबृद्धि गर्न,
- ❖ स्थानीयस्तरमा बास्तविक समस्या पहिचान, अनुसन्धान, सर्वेक्षण, छलफल, गोष्ठि, योजना छनौटमा सक्रीय सहभागीता जनाई सामाजिक सेवाभावले सचेतना, बहश, पैरवी र वकालत गर्न,
- ❖ स्थानीयस्तरमा योजना तथा बजेट तर्जुमा प्रकृयामा सकारात्मक ,रचनात्मक र सिर्जनात्मक राय, सल्लाह, सुझाव, सहकार्य र सहभागिता सुनिश्चित गर्न,
- ❖ युवा सम्बन्धि तथ्याङ्क अद्यावधिक, योजना, बजेट तथा कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन, मूल्यांकन , नतिजा र प्रतिवेदन लगायतका बिषयहरुलाई व्यवस्थित गर्न,
- ❖ युवा जागरण, सशक्तिकरण, सवलिकरण र सहभागीता अभिबृद्धि गरी शिक्षा, श्रम, सिप, उद्यमशिलता र रोजगारी प्रबर्द्धन गर्न,
- ❖ कला, साहित्य, संस्कृति, खेलकुद, मनोरञ्जन, विज्ञान, सूचना प्रविधि, दिगो बिकास, विपद तथा बाताबरण संरक्षणमा युवा सहभागिता अभिबृद्धि गर्दै युवाको नेतृत्व, व्यक्तित्व, वक्तित्व र क्षमता अभिबृद्धि लगायतका युवा लक्षित कार्यक्रमहरु संचालन गर्न,

## परिच्छेद २ः नीतिगत तथा कानुनी आधारहरु

### नीतिगत तथा कानुनी आधारहरु

#### क) नेपालको संविधान

वि. सं. २०७२ सालमा पारित नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तिन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानुन बमोजिम गर्ने व्यवस्था गरेको छ। वर्तमान नेपालको संविधानको भाग ३ मा मौलिक हकको विभिन्न व्यवस्था र भाग ४ मा राज्यका निर्देशक सिदान्त, दायित्व तथा नीतिहरुमा समेत युवा विकास एवं युवा परिचालनका बारेमा विशेष व्यवस्था गरिएको छ । धारा ४८ मा नागरिक कर्तव्यको

बारेमा उल्लेख गरिएको छ भने संविधानको धारा ५१ (ञ) ७ को युवासम्बन्धी नीतिमा "राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य ,रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने" उल्लेख गरिएको छ ।

**ख) राष्ट्रिय युवा नीति २०७२**

युवा नीति,२०७२ नेपाल सरकारले नेपाली युवाको सर्वतोमुखी विकास गर्ने हेतुले स्वीकृत गरी जारी गरेको छ । राष्ट्रिय युवा नीति २०७२ ले १६ देखि ४० बर्ष उमेर समूहका व्यक्तिहरुलाई युवाको रुपमा परिभाषित गरेको छ। यसमा परिवर्तनका सुत्रधार नेपाली युवाहरुलाई विकासको मूल प्रवाहमा ल्याउन उनीहरुको हक हितको संरक्षण र संवर्द्धन गर्दै समुन्नत मुलुक निर्माणकालागि सक्षम नागरिक तयार गर्न विभिन्न २४ वटा मूल नीतिहरुको व्यवस्था गरिएको छ ।

**ग) राष्ट्रिय युवा परिषद् ऐन,२०७२ तथा नियमावली २०७३**

व्यवस्थापिका संसदको हैसियतमा संविधान सभाबाट २०७२ श्रावण २७ गते राष्ट्रिय युवा परिषद् ऐन,२०७२ पारित भइ लागू भएपश्चात यसै ऐन बमोजिम राष्ट्रिय युवा परिषद्को गठन तथा स्थापना भएको हो भने ऐनमा उल्लिखित बिभिन्न प्रावधानहरुलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्रिय युवा परिषद् नियमावली,२०७३ बनाएको छ।

**घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यबस्थालाई कार्यान्वयन गर्न तथा स्थानीय तहदेखि नै नेतृत्व विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी गरिएको हो। यसले नीति योजना बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, कर लगाउने, कानुन बनाउने लगायतका अधिकारहरुलाई कानुनी आधार प्रदान गर्नुका साथै परिच्छेद ३ अन्तर्गत स्थानीय तहका विभिन्न् काम, कर्तव्य र अधिकारहरुको समेत व्यवस्था गरिएको छ। त्यस्तै दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने स्पष्ट व्यवस्था गरेको छ।

**ङ) युथ भिजन २०२५ तथा दश बर्षे रणनितिक योजना**

यथु भिजन २०२५ तथा दशवर्षे रणनीतिक योजनाले मूख्य रुपमा युवाको सशक्तिकरण एवं मूलप्रवाहीकरणमा जोड दिदै पाँच आधार स्तम्भहरु तय गरेको छ । यी आधारस्तभ अनुसार नै विभिन्न कार्यक्रमहरु र लक्ष्य समेत तय गरेको छ।

**च) सोह्रौं योजना (२०८१/८२ -८५/८६)**

सोह्रौं योजनामा मानवस्रोत व्यवस्थापनलाई उच्च प्राथमिकतामा राख्दै परिच्छेद ५ मा स्वस्थ, शिक्षित र सिपयुक्त मानव पूँजी निर्माण अन्तर्गत युवा तथा खेलकुदलाई पनि समेटिएको छ। जसअन्तर्गत दक्ष, सक्षम, प्रतिस्पर्धी, सिर्जनशिल, नवप्रवर्तनशिल र प्रविधिमैत्री मानवपूँजी निर्माण, विकास र उपयोग गर्ने नीति एवं राष्ट्रभाव भएको सदाचारी युवा निर्माण गर्ने युवालाई अवसर प्रदान गर्दै परिचालन गर्ने र शारिरिक रुपले तन्दुरुस्त युवा निर्माण गर्ने रणनीति लिईएको छ।

**छ) दिगो विकास लक्ष्य**

नेपाल संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र हो । संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने उद्देश्य लिएको छ । दिगो विकास लक्ष्यले Leaving No One Behind अर्थात कसैलाई पनि पछाडि नछाड्ने बाचा गरेको छ । नेपालले पनि दिगो विकास लक्ष्य अन्तर्गतका विभिन्न १७ वटा विश्व विकास लक्ष्य र १६९ वटा निर्दिष्ट लक्ष्यहरुलाई केन्द्र विन्दुमा राखेर विभिन्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरु तथा गैर सरकारी संघ संस्था एवं निजी क्षेत्र मार्फत युवा विकास एवं सशक्तिकरण, युवा जागरण तथा युवा परिचालन लगायतका अन्य क्षेत्रका आफ्ना विकास कार्यक्रमहरुलाई अगाडि बढाएको छ ।

**ज) अन्य सम्बन्धित नीतिगत तथा कानुनी आधार**

- राष्ट्रिय खेलकुद नीति, २०६६
- राष्ट्रिय खेलकुद परिषद् ऐन,२०७७
- नेपाल स्काउट ऐन,२०५० तथा नेपाल स्काउट नियमावली,२०७७
- युवा तथा साना व्यवसायी स्वरोजगार कोष नियमावली,२०७७
- संघीय र प्रदेश सरकारले जारी गरेका अन्य नीति, कानून तथा मापदण्डहरु
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका सन्धि सम्झौता र प्रतिबद्धताहरु, आदि ।

## परिच्छेद ३ः स्थानीय युवा नीति निर्माण प्रकृया

स्थानीय युवा परिषद् स्थानीय युवाहरुको प्रतिनिधिमूलक अभिभावकीय संस्था भएकाले सबै स्थानीय तहमा यसको गठनको आवश्यक्ता देखिन्छ। समृद्ध राष्ट्र निर्माणका प्रमुख अभियन्ता नै युवाहरु भएकाले

उनीहरुको सशक्तिकरण, सवलीकरण, सहभागीता र युवामा लगानी बढाउन जरुरी छ। तसर्थ ७५३ वटै स्थानीय तहमा स्थानीय युवा परिषद् गठन गर्न सर्वप्रथम स्थानीय युवा नीतिको आवश्यक्ता पर्दछ। जसका लागि देहायका प्रकृयाहरु अवलम्बन गर्न सकिन्छ।

**क) स्थानीय युवा नीति निर्माण प्रकृया**

सार्वजनिक नीति हिजोको शिक्षा, आजको इच्छा र भोलीको प्रतिक्षा हो। यो आम सरोकारका चासो र मुद्दालाइ संवोधन गर्न तथा राष्ट्रहितलाइ प्रवर्द्धन गर्न राज्यले अख्तियार गर्ने कार्यसंचालनको आधार र विधि हो। यसले जनताका लागि सभ्य, समुन्नत र सुशासनको मार्ग तय गरेको हुन्छ। सरकारलाई मार्गनिर्देशन गर्ने कानुन र नीति राज्यका मेरुदण्ड हुन्। सार्वजनिक नीतिले राजनीति, सरकार, शासन, समाज, अर्थ, कानुन र कूटनीतिजस्ता मुख्य आयामलाई जीवन्त रूपमा सञ्चालनमा ल्याउने गर्दछ। सार्वजनिक नीतिहरू शासक र जनतासँग अन्तरसम्बन्धित हुन्छन्। जनताका मागहरू नीतिमा झल्कन्छन् भने शासकीय कौशलताको छाया नीतिमा अडेको हुन्छ। सरकारले के गर्ने के नगर्ने भन्ने विषयमा गरेको घोषणा, प्रतिबद्धता, उद्देश्य, कार्यनीति र रणनीतिसहितको आधिकारिक मार्गदर्शनको दस्ताबेज नै सार्वजनिक नीति भएकाले स्थानीय तहले स्थानीय युवा नीति निर्माण गरी युवाहरुको सर्वाङ्गिन विकास, सशक्तिकरण र सहभागिता सहितको समृद्ध गाँउ/नगर पालिकाको खाका तय गर्नु नै पहिलो प्राथमिकता हो ।

**स्थानीय नीति निर्माणका चरणहरु**

**१ नीति निर्माणको बिषय पहिचान र निर्धारण**

सार्वजनिक नीति निर्माणको विषय चयन र निर्धारण भन्नाले आम सरोकार र राष्ट्रिय हितका खातिर कुन विषय उपर नयाँ नीति बनाएर राज्यले त्यसलाई कार्यान्वयन गर्नुपर्ने हो र उक्त नीति किन बनाउनु पर्यो भन्ने सन्दर्भमा विषयवस्तुको उठान गर्नु वा पहिचान गर्नु हो ।यस चरणमा युवाहरुका मूल समस्या पहिचान गरी स्थानीय आवश्यक्ता माग एवं प्राथमिकता र राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यासहरुका आधारमा युवा नीति निर्माणको आबश्यक्ता र औचित्यता महशुस गरी स्थानीय युवा नीति तर्जुमाका लागि विषयबस्तु पहिचान र निर्धारण गरिन्छ। संविधान, विद्यमान ऐन कानुन, सरोकारवालाका माग, स्थानीय तहको नीति, दलिय घोषणापत्र, अन्तराष्ट्रिय प्रतिवद्धता, बैज्ञानिक खोज अनुसन्धान लगायतका स्रोतहरुलाई विषयबस्तु पहिचानका आधारको रुपमा लिने गरिन्छ।

**२ बिषयको बिश्लेषण र प्राथमिकरण**

यस चरणमा प्रस्तावित स्थानीय युवा नीति अन्तर्गत कुन मुद्दाले कसरी समाजलाई प्रभाव पारेको छ, के कस्ता विषयवस्तुहरू अन्तरसम्बन्धित छन्, के कस्ता विषयवस्तुलाई नयाँ बन्ने सार्वजनिक नीतिमा समावेश गर्नुपर्दछ, समावेश नगर्दा त्यसले सामाजिक, आर्थिक, राजनैतिक तथा राष्ट्रिय सुरक्षाको सवालमा के कस्तो नकारात्मक प्रभाव पर्दछ भन्ने लगायतका विषयवस्तु उपर वस्तुनिष्ठ

विश्लेषण गरिन्छ । प्रस्तावित विषयवस्तु आमसरोकारको सवाल, व्यक्ति, समाज, राष्ट्रिय हित र स्वार्थलाई प्रवर्द्धन गर्ने खालको हो वा होइन, त्यसले भविष्यमा कस्तो प्रभाव पार्दछ, त्यसप्रकारको नीति हुँदा र नहुँदा त्यसले समाजमा के कस्तो फरक पार्दछ, त्यसप्रकारको नीतिबाट कुन समुदाय लाभान्वित हुने र भविष्यमा यसले कुन वर्ग वा समुदायलाई बढी लाभ प्रदान गर्दछ, यो राष्ट्रिय हित अनुकुल हुनसक्छ वा सक्दैन, प्रस्तावित नीति उपर आमसरोकार राख्ने समुदायले स्वामित्व र अपनत्व ग्रहण गर्न सक्छन् वा सक्दैनन्, कस्तो नीति बनाउँदा समय, स्रोत र सन्दर्भका हिसाबले बढी सर्वस्वीकार्य, प्रभावकारी, कार्यान्वयनयोग्य र परिणाममुखी हुन्छ भन्ने लगायत समग्र पक्षको विश्लेषण गरिन्छ । यसैको आधारमा स्थानीय युवा नीतिमा समेटिनु पर्ने विषयवस्तु, मुद्दाहरू र सरोकारका सवालहरूको प्राथमिकीकरण गरिन्छ ।

**३ नीतिको प्रारम्भिक मस्यौदा लेखन**

नीतिको प्रारम्भिक मस्यौदा लेखन भन्नाले विषयवस्तुको पहिचान, विश्लेषण र प्राथमिकीकरण तथा तथ्य र तथ्याङ्कका आधारमा नीतिको पहिलो खाका तयार गर्ने चरणलाई बुझिन्छ । नयाँ नीति निर्माणको सन्दर्भमा पूर्व नीति अनुसन्धान, नीति परिमार्जनको सन्दर्भमा नीति पुनरावलोकन, नीतिका स्रोत तथा त्यसका प्रभावको विश्लेषणका आधारमा नीतिको प्रारम्भिक मस्यौदा लेखिन्छ। यस चरणमा प्राज्ञिक, बौद्धिक, सामाजिक, व्यावहारिक ज्ञानयुक्त विज्ञहरुबाट मात्र उत्कृष्ट युवा नीतिको मस्यौदा तयार हुन सक्ने कुरामा विचार पुर्याउनपर्दछ ।

**४ मस्यौदा उपर छलफल राय सुझाव संकलन**

यो चरणले नीतिको प्रारम्भिक मस्यौदाउपर गरिने सार्वजनिक सुनुवाइ, सम्बद्ध सरोकारवालाले गर्ने छलफल समीक्षा तथा मूल्याङ्कन लगायत नीतिको मस्यौदाउपर चासो राख्ने नागरिकले दिने राय सल्लाह र सुझाव समेतलाई बुझ्नु पर्दछ। वास्तवमा नीतिको प्रारम्भिक मस्यौदाउपर गरिने सार्वजनिक छलफलले नीतिको विषय, क्षेत्र र विकल्पहरूको बारेमा बहुपक्षीय ज्ञान र विचारको सिर्जना गर्दछ, जसले सम्बद्ध सरोकारवालालाई सचेत र सुसूचित बनाउँछ । यो नै प्रमाणमा आधारित, सुसूचित, सुविचारित र अधिकतम स्वीकार्य नीति निर्माण गर्ने शर्त हो । त्यसकारण, नीतिको यथार्थ सूचना आम नागरिकको तहमा पुर्याउन नीति विषयको बारेमा सुसूचित गर्न सार्वजनिक बहस अपरिहार्य छ। नीतिको प्रारम्भिक मस्यौदा उपर गरिने सार्वजनिक बहसले नीतिलाई बढी व्यवहारिक र कार्यान्वयनयोग्य बनाउँछ । व्यवहारिक नीतिको सर्वस्वीकार्यता बढ्छ र आम सरोकारवालाले पनि अपनत्व महसुस गर्दछन् ।

**५ राय सुझाव सहितको परिमार्जित मस्यौदा तयार**

यस चरणमा सार्वजनिक छलफलका माध्यमबाट नवीन र रूपान्तरणकारी सुझाव पनि आउने भएको हुँदा नीति निर्माताले प्राप्त सुझावलाई राम्रोसँग अध्ययन गरेर त्यस किसिमका विषयलाई नीतिमा समावेश गर्नुपर्दछ । मस्यौदा उपर छलफल तथा राय सुझाव संकलनका माध्यमबाट आएका महत्त्वपूर्ण सुझावलाई समावेश गरी मस्यौदा संशोधन गर्दा नीति कार्यान्वयनको सुनिश्चिता (प्रशासनिक संरचना, कानुनी प्रबन्ध तथा स्रोतको व्यवस्थापन), लक्षित समुदाय तथा राष्ट्रहितलाई समेत उच्च प्राथमिकतामा राख्नुपर्दछ । स्थानीय युवा नीतिको मस्यौदा संशोधनको चरणले नीतिमा विभिन्न क्षेत्रबाट प्राप्त ज्ञानमा आधारित सुझावको उपयोग गर्ने अवसर प्रदान गरी नीतिलाई बढीभन्दा बढी कार्यान्वयनयोग्य, प्रभावकारी तथा सर्वस्वीकार्य बनाउदछ ।

## ६ मस्यौदा उपर बिज्ञ समिक्षा र पृष्ठपोषण

यस चरणमा विषय विशेषज्ञहरूले आफूमा निहित ज्ञान, अनुभव र सीपका आधारमा नीतिको प्रभावकारिता, दूरदृष्टि र सर्वस्वीकार्यतालाई कसरी थप प्रभावकारी बनाउन सकिन्छ भन्ने सन्दर्भमा दृष्टि प्रदान गर्दछन् । स्थानीय युवा नीति निर्माणको उद्गम बिन्दु विषय चयनदेखि विभिन्न चरणहरू पार गरी प्रारम्भिक मस्यौदामा पहिलो चरणको संशोधन समेत भइसकेपछि नीतिको मस्यौदा केही परिपक्व भएको हुन्छ । यसरी सुरुको अवस्थाबाट थप परिष्कृत भएको नीतिको मस्यौदालाई विधागत ज्ञानको पृष्ठपोषणमार्फत थप स्पष्ट स्तरीय, प्रभावकारी कार्यान्यवनयोग्य र परिणाममुखी बनाउन विषय विशेषज्ञहरूबाट समीक्षा गराउने प्रक्रियालाई नै विज्ञ समीक्षा भनिन्छ । विज्ञ समीक्षाले नीति निर्माण र नीति विकास लगायत समाजका दुई महत्त्वपूर्ण मागलाई पूरा गर्दछ- पारदर्शिता र सरोकारवालाको सहभागिता। धेरैभन्दा धेरै विषय विज्ञहरूको सहभागिताले अन्ततः नीतिलाई अपेक्षित नतिजामुखी बनाउँछ।

## ७ अन्तिम मस्यौदा तयार

अन्तिम मस्यौदा लेखनको चरण नीति निर्माणको निकै महत्त्वपूर्ण चरण हो। प्रारम्भिक मस्यौदा माथिको सार्वजनिक बहसपश्चात् प्रस्तावित नीतिको संशोधित मस्यौदालाई विज्ञ समूहबाट समीक्षा समेत गराइसकेपछि सरोकारवालाहरूको सुझाव र विज्ञद्वारा गरिएको समीक्षाको आधारमा नीतिको अन्तिम मस्यौदा तयार पारिन्छ । अन्तिम मस्यौदा लेखनका क्रममा सार्वजनिक नीतिको संरचना अनुसार भए नभएको सुनिश्चित गर्नुका साथै संविधान अनुकुल छ छैन भन्ने कुराको पनि सुनिश्चित गर्नुपर्दछ।

## ८ कार्यपालिकामा पेश र स्विकृति वा अनुमोदन

स्थानीय युवा नीति बनिसकेपछि त्यसको कार्यान्वयनपूर्व उक्त नीतिले कानुनी वैधता वा स्वीकृति प्राप्तीका लागि स्थानीय कार्यपालिकामा पेश गरिन्छ। स्थानीय कार्यपालिकाबाट स्विकृत वा अनुमोदन गरेपछि मात्रै उक्त नीति कार्यान्वयनको चरणमा जान्छ ।

**९ कार्यान्वयन**

यसरी स्थानीय युवा नीतिले कानुनी मान्यता वा वैधता प्राप्त गरिसकेपछि वा स्थानीय कार्यपालिकाबाट स्विकृत वा अनुमोदन भईसकेपछि मात्रै नीति कार्यान्वयनका लागि आवश्यक पर्ने ऐन, कानुन र कार्यविधि तर्जुमा गरीन्छ। नीतिलाई कार्यान्वयनको तहमा लैजानको लागि आवश्यक पर्ने कानुन, सङ्गठन वा नीति कार्यान्वयन गर्ने आधिकारीक निकाय, कार्यविधि, जनशक्ति, पूर्वाधार लगायत वित्तीय स्रोतको व्यवस्थापन चाहिँ नीति कार्यान्वयनका आधारभूत शर्तहरू हुन् ।

*तर स्थानीय युवा नीति नबनेको हकमा स्थानीय युवा परिषद् गठन सम्बन्धि कानुन तर्जुमा गरी स्थानीय युवा परिषद् गठन गर्न बाधा पर्ने छैन । साथै स्थानीय युवा नीतिको नमुना ढाँचा अनुसूची १ मा दिईएको छ ।*

## परिच्छेद ४: स्थानीय युवा परिषद सम्बन्धि स्थानीय कानुन निर्माण प्रकृया

नेपालको संविधानले नेपालमा तीन तहको संघीय शासन प्रणालीको व्यवस्था गरेको छ । राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान र कानून बमोजिम गर्ने र तीन वटै तहका सरकारहरुले विधायिकि अधिकार प्रयोग गर्ने प्रावधान राखेको देखिन्छ । कानून निर्माणको सीमालाई समेत मध्यनजर गर्दै संविधानमा नै तहगत सरकारका एकल र साझा अधिकार सूचीको व्यवस्था गरिदिएको छ। अझ यसलाई कार्यान्वयनमा सजिलो होस् भन्ने अभिप्रायले नेपाल सरकार कार्य विस्तृतिकरण प्रतिवेदन, २०७३ स्वीकृत गरी हाल परिमार्जनको क्रममा रहेको देखिन्छ ।

नेपालको संविधानको अनसुची ५ देखि अनसुची ९ सम्म संघ प्रदेश र स्थानीय तहका एकल अधिकार सूची र साझा अधिकार सूचीको व्यवस्था गरिएको छ। सोही अधिकार विन्यासको सूचीमा आधारित भएर तीनवटै तहले आ-आफ्नो अधिकार क्षेत्रका कानून निर्माण गर्न सक्दछन। प्रदेशको कानून संघीय कानूनसगँ र स्थानीय तहको कानून सम्बन्धित प्रदेश कानूनसँग बाझिन नहुने र बाझीएको हदसम्म अमान्य हने संवैधानिक व्यवस्था रहेको छ। संविधानको अनसुची ८ मा स्थानीय तहको एकल अधिकार सूची अन्तर्गत २२ वटा विषयहरू सूचीकृत छन। स्थानीय तहको कानून बनाउने अधिकार गाउँ सभा र नगर सभामा निहित छ। गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ ले स्थानीय तहमा कानून निर्माण प्रक्रियाको बारेमा व्यवस्था गरेको छ भने स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने स्पष्ट व्यवस्था गरेको छ।

कानून निर्माणको समग्र अवस्था हेर्दा स्थानीय तहहरूले जनताको सबैभन्दा नजिकको सरकारको हैसियतमा सेवा प्रवाह गर्न आवश्यक पर्ने कानूनी प्रबन्ध गर्दै अगाडी बढेको अवस्था छ। नेपालको संविधानको धारा २२६ को उपधारा (२) मा स्थानीय तहको कानून निर्माण सम्बन्धी प्रक्रिया सम्बन्धित प्रदेशले बनाएको कानून बमोजिम हुने प्रबन्ध गरिएको छ। सोही बमोजिम सातवटै प्रदेशहरूले स्थानीय तहको कानून निर्माण सम्बन्धी कानून बनाई लागू गरेको पाइन्छ। प्रदेश सरकारहरुले जारी गरेका स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन र सभा संचालन कार्यविधि ऐनहरुले गाउँ सभा र नगर सभालाई संसदिय अभ्यास गर्ने थलोको रुपमा परिकल्पना मात्र गरेका छैनन स्थानीय कानून निर्माण गर्ने सार्वभौम निकायका रुपमा रहने संवैधानिक व्यवस्थालाई आत्मसात समेत गरेका छन। तसर्थ देहाएका चरणहरु पुरा गरी स्थानीय तहले स्थानीय युवा परिषद् गठन सम्बन्धि कानुन पारित गर्न सक्नेछन ।

**स्थानीय युवा परिषद् सम्बन्धि कानुन निर्माणका चरणहरु**

**क) पूर्व विधायकी चरण**

१ **कानूनको आवश्यकता पहिचान गर्ने :-** स्थानीय तहलाई संविधान, संघीय तथा प्रदेश कानूनले तोकेको अधिकार प्रयोग गर्न तथा दायित्त्व पुरा गर्न र गाउँ सभा वा नगर सभाले पारित गरेको नीती कार्यान्वयन गर्न के कस्तो कानूनको आवश्यकता पर्ने हो सोको पहिचान पहिलो चरणमा गर्न सकिन्छ । स्थानीय तहको स्वीकृत कार्यविभाजन नियमावलीमा व्यवस्था गरिएका सम्बन्धित विषयगत शाखा, महाशाखा वा विभागले यसमा मूख्य भूमिका निर्वाह गर्न सक्छन् ।

२ **अवधारणा पत्र तयार गरी विधेयकको मस्यौदा तर्जुमाका लागि निर्णय गर्ने :-** यसमा देहाय बमोजिमका विषयमा बिचार गरी अवधारणपत्र तर्जुमा गरी विधेयकको मस्यौदाको लागि नगर कार्यपालिकावाट सैद्धान्तिक स्वीकृति लिनुपर्ने हुन्छ ।

क) अवधारणापत्र तयार गर्दा कानून बनाउनुपर्ने आवश्यकता, आधार र कारण के हुन, सम्बन्धित विषयमा संघीय वा प्रदेश कानून भएको नभएको,

ख) यसै विषयमा स्थानीय कानून रहे नरहेको, रहेको भए कानून संशोधन गरी कार्यान्वयन गर्न सकिने वा नसकिने, कानून बनाएपछि स्थानीय तहले हासिल गर्ने उपलब्धी, कानून कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत साधन स्थानीय तहसंग भए नभएको,

ग) जिल्ला भित्रका अन्य स्थानीय तह वा छिमेकी स्थानीय तहले सो विषयमा कानून वनाएको वा नबनाएको,

घ) यस कानूनमा रहने प्रमुख व्यवस्थाहरु के के छन् आदि कुरा स्पस्ट पारी अवधारणपत्र स्वीकृत गर्ने र विधेयक मस्यौदा तयारी गर्ने ।

३ **विधेयकको मस्यौदा तयारी र लेखन कार्य गर्ने :** स्वीकृत अवधारणपत्र बमोजिम कानूनको तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरुलाई समेत मनन गर्नुपर्ने हुन्छ । यसमा विज्ञ समिति वा विधेयक समितिले मूख्य भुमिका खेल्न सक्नेछन् ।

४ **सरोकारवालाहरुसंग छलफल गर्ने :** कानून निर्माण प्रक्रियालाई सहभागितामूलक बनाई व्यवहारिक सल्लाह र सुझाव ग्रहण गरी सरोकारवालाहरुको अपनत्त्व ग्रहण गर्न सक्ने बनाउन पर्ने देखिन्छ। यसका लागि विज्ञहरुसंग राय लिने, टोलबस्तीवाट सुझाव माग गर्ने, गोष्ठी सेमिनार आयोजना गरी सूझाव माग गर्न सकिन्छ ।

५ **प्रारम्भिक मस्यौदालाई अन्तिम रुप दिने :-** राय सुझावलाई समेत समेटी मस्यौदालाई सर्वमान्य बनाउन कोशिस गर्ने र मस्यौदालाई अन्तिम रुप दिने र यसका मूख्य भुमिका विधायन समितिको हुन्छ ।

६ **कार्यपालिकाको वैठकमा पेश गरी मस्यौदा स्वीकृत गर्ने** :- कार्यपालिकाको वैठकमा छलफल गरी विधेयकको कुनै विषय थपघट गर्नुपर्ने देखिएमा आवश्यक परिमार्जन गरी स्वीकृति र सभामा पेश गर्न सिफारिस गर्ने कार्य यस चरण अन्तर्गत पर्छ ।

**ख) विधायकी चरण**

१ **सभामा विधेयक पेश गर्ने प्रस्तावको सूचना विधेयक पेश गर्ने सदस्यले सचिवालयलाई दिने :** यस चरणमा देहाय बमोजिमको रित पुर्‍याउनु पर्ने हुन्छ ।

क) विधेयकको साथ सोको उद्देश्य र कारण सहितको विवरण,

ख) थप आर्थिक व्यभार हुने भए सो व्यहोर्ने स्रोत,

ग) प्रत्यायोजित विधायन अन्तर्गत कानून बनाउनु पर्ने भए सो को कारण प्रकृति र सीमा सहितको विवरण,

घ) संशोधन विधेयक भए तीन महले विवरण संलग्न हुनुपर्ने, सदस्यहरुलाई विधेयकको प्रस्ताव उपलब्ध गराउने ( सभामा विधेयक पेश गर्नु भन्दा दुई दिन अगाडी नै विधेयकको प्रति सवै सदस्यलाई उपलब्ध गराउने ।

२ **विधेयक प्रस्तुत गर्न अनुमति मागने प्रस्तावको विरोधको सूचना मागने :** सभाको कुनै सदस्यले विधेयक प्रस्तुत गर्ने अनुमति माग गर्ने प्रस्तावको विरोध गर्न चाहेमा सभामा विधेयक पेश हुने दिन भन्दा एक दिन अगावै सचिवलाई सूचना दिने ।

३ **विधेयकको सूचना सम्बन्धी कारवाही गरी विधेयक सभामा पेश गर्ने :-** यस चरणमा देहाय बमोजिमका प्रक्रिया पूरा गर्नुपर्ने देखिन्छ ।

क) विरोधको सूचना सम्बन्धी कारवाही गरी विधेयक सभामा पेश गर्ने

ख) विरोधकर्ता र विधेयक पेश गर्ने सदस्यलाई संक्षिप्त मन्तव्य राख्न दिने,

ग) विरोधको सूचना वारे निर्णयार्थ पेश गर्ने,

घ) विरोधको सूचनाको निर्णयपश्चात विधेयक पेश गर्ने, अनुमति प्राप्त भएमा प्रस्ताव पेश गर्ने, अनुमति प्राप्त भएमा प्रस्ताव पेश गर्ने, कार्यपालिकाको सदस्यले सभामा विधेयक पेश गर्ने,

ङ) विधेयकको साथ विधेयक पेश गर्नुपर्ने कारण,

च) विधेयकमा माग गर्न खोजिएको कुरा,

छ) विधेयकवाट पर्न सक्ने प्रभावको वारेमा संक्षिप्त जानकारी सहित विधायनको सम्बन्धमा विचार गरियोस भन्ने जानकारी राख्ने,

ज) अर्थ विधेयकको हकमा अध्यक्ष प्रमुख वा निजले तोके बमोजिम उपाध्यक्ष वा तोकेको कार्यपालिका सदस्यले पेश गर्ने,

झ) अध्यक्ष वा प्रमुखले पेश गर्ने भएमा उपप्रमुख वा उपाध्यक्षले अध्यक्षता गर्ने ।

४ **संशोधन प्रस्ताव पेश गर्ने**: सभामा पेश भएको विधेयक उपर कुनै सदस्यले संशोधन प्रस्ताव पेश गर्न चाहेमा निश्चित समय तोकी सचिवले सदस्यलाई व्यवस्था मिलाउनु पर्ने साथै संशोधनको मूल प्रस्तावको सिद्धान्त विपरित नहुने गरी मूल प्रस्तावको क्षेत्रभित्र सिमित रहने गरी वैठकले पहिले गरेको निर्णयसंग नबाझिने गरी अस्पष्ट र निरर्थक नहुने गरी पेश गर्नुपर्ने हुन्छ ।

५ **संशोधन फिर्ता लिन सकिने** : पेश गरिएको संशोधन प्रस्ताव उपयुक्त नभएको महशुस गरिएमा सभाको अनुमतिमा फिर्ता लिन सकिने ।

६ **विधेयकको दफावार छलफल गर्ने वा सभा अन्तर्गतको विधायन समितिमा पठाउने** : विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयकको विषयवस्तुको महत्त्वलाई विचार गरी सभामा दफावार छलफल गर्न वा समितिमा पठाउन सक्ने।

७ **छलफलका लागि समितिमा पठाइएको भएमा समितिले विधेयक माथि छलफल गर्ने निर्णय गर्ने र प्रतिवेदन तयार गर्ने**: समितिमा पठाइएको विधेयकमा दफावार छलफल गरी निर्णयमा पुग्ने र प्रतिवेदन तयार गर्ने। उक्त विधेयकमा संसोधन प्रस्ताव दर्ता भएको हकमा संसोधनकर्तालाइ समेत बोलाउने ।

८ **समितिले प्रतिवेदन सहितको विधेयक सभामा पेश गर्ने** : विधायन समितिवाट तयार भएको निर्णय सहितको प्रतिवेदन विधायन समितिको अध्यक्ष वा तोकेको व्यक्तिले सभामा पेश गर्ने ।

९ **विधेयक निर्णयार्थ पेश गर्ने** : समितिले पेश गरेको प्रतिवेदन सभाका सदस्यहरुलाई उपलब्ध गराई छलफल गरी सकेपछि र समितिमा नगएको विधेयकको हकमा सभामा दफावार छलफल पश्चात विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पारित गरियोस भनि सभामा प्रस्तुत गर्ने ।

१० **विधेयक फिर्ता लिन सकिने :** कार्यपालिकाको निर्णयानुसार सभाको स्वीकृत लिई बिधेयक फिर्ता लिने सकिने तर अर्थ विधेयक फिर्ता लिन नसकिने।

११**विधेयक पारित वा अस्वीकृत गर्ने :** सभा संचालन सम्बन्धी कार्यविधिले तोके बमोजिम प्रस्ताव स्वीकृत भएमा पारित हुने अन्यथा अस्वीकृत हुने।

**ग) विधायकी पश्चातको चरण**

१ **अस्वीकृत विधेयक पुनः प्रस्तुत गर्ने** : एकपटक आह्वान गरी बसेको सभाको वैठकमा पेश गरी अस्वीकृत भएको विधेयक सोही सभाको वैठकमा पेश नगरी अर्को वैठकमा पेश गर्ने।

२ **आनुसाङ्गिक सुधारः** सभावाट पारित भएको विधेयकमा दफाको क्रम र भाषागत शुद्धता मिलाउने ।

३ **प्रमाणीकरण गर्ने :** सभावाट पारित विधेयक सभाध्यक्षले मिति र पृष्ठसङ्ख्या समेत खुलाई १५ दिन भित्र प्रमाणीकरण गर्ने ।

४ **प्रकाशन तथा प्रचार प्रसार गर्ने :** प्रमाणीकरण भएको ऐन स्थानीय राजपत्रमा प्रकाशन गर्ने वेवसाईटमा राख्ने र कानूनको मूख्य मूख्य व्यवस्थाको प्रचार प्रसार गर्ने ।

यस प्रकृयालाई संक्षिप्तमा देहाय बमोजिम उल्लेख गर्न समेत सकिन्छ।

१. कार्यालयको शिक्षा युवा तथा खेलकुद शाखा/युवा हेर्ने शाखाले स्थानीय तहको विधायन समितिसँग समन्वय गरी स्थानीय युवा परिषद् गठन सम्बन्धि विधेयकको मस्यौंदा तयार गर्ने,
२. मस्यौंदामा सरोकारवाला तथा विज्ञसँग छलफल गरी अन्तिम मस्यौंदा तयार गर्ने ,
३. उक्त मस्यौंदा कार्यपालिकामा पेश तथा स्वीकृत गर्ने
४. सभामा पेश तथा पारित गर्ने ,
५. गाँउ/नगर पालिका प्रमुखबाट प्रमाणित गर्ने ,
६. राजपत्रमा प्रकाशन गर्ने ।

*स्थानीय युवा परिषद् गठन सम्बन्धि नमुना कानुन अनुसूची २ मा दिईएको छ ।*

**थप स्पष्टताको खाँचो**

स्थानीय कानून तर्जुमासम्बन्धी प्रादेशिक ऐनले स्थानीय ऐन तर्जुमा गर्ने प्रकृया मात्र तोकेको छ । तर कानून तर्जुमा गर्दा विचार गर्नु पर्ने कुराहरुको पर्याप्त जानकारी दिएको छैन । सवै पालिकाहरुले बनाउने ऐनहरुमा साझा स्वरुप, शैली तथा एउटै स्तर कायम गर्नको लागि प्रदेश सरकारले छुट्टै निर्देशिका वा नियमवाली जारी गर्नु उपयुक्त हुन्छ । हुन त नेपाल कानून आयोगले जारी गरेको कानून तर्जुमा दिग्दर्शनले कानून तर्जुमाको सैद्धान्तिक तथा व्यावहारिक पक्षका बारेमा विस्तृत

व्यवस्था गरेको छ । यसका सबै कुराहरु स्थानीय सरकारलाई लागू हुँदैनन् । तसर्थ स्थानीय सरकारलाई लागू हुने खालका व्यवस्थाहरु मात्र समेटेर कानूनको मस्यौदा गर्न वा नमूना ऐनका आधारमा आफूलाई आवश्यक हुने कुराहरु राखी तथा आधारभूत कुराहरु मिलाई रुजु गर्न सक्ने गरी एउटा निर्देशिका तयार गर्नु लाभदायक देखिन्छ । यस्तो निर्देशिका वा नियमावलीले कानून निर्माणका आधारभूत सिद्धान्तहरु, लैङ्गिक तटस्थ भाषाको प्रयोग, स्थानीय कानूनमा दण्ड जरिवाना राख्नेसम्बन्धी सिद्धान्त र निर्देशन, कानूनको ढाँचा र दफा नम्बर उल्लेख गर्ने तरिका तथा परिभाषा खण्ड तयार गर्ने तरिकाहरु निर्धारण गर्नु पर्दछ । त्यसै गरी प्रस्तावना लेख्दा विचार गर्नु पर्ने जस्ता कुराहरुमा एकरुपता तथा स्तर तयार गर्नु पर्दछ । आफ्नै पालिकाले बनाएको अन्य कानूनसँगको सामञ्जस्य निर्धारण गर्नु पर्ने कुरा, संघीय तथा प्रादेशिक कानूनसँग बाझिए नबाझिएको कुरा, साँध जोडिएका तथा अन्य पालिकाहरुसँग काम पर्ने विषयमा ती पालिकाहरुको कानूनसँगको तादाम्यता मिलाउनु पर्ने जस्ता कुराहरुमा राय लिने व्यवस्थाहरुको अभाव रहेको छ । यसका लागि स्थानीय कानून तर्जुमासम्बन्धी ऐनमा नै संशोधन गर्नु पर्ने हुन सक्तछ ।

## परिच्छेद ५: स्थानीय युवा परिषद् गठन

स्थानीय युवा नीति तथा स्थानीय युवा परिषद् सम्बन्धि कानुन पारित भइसकेपछि कानुनमा व्यवस्था भए बमोजिम स्थानीय युवा परिषद्/गाउँ वा नगर युवा परिषद्/स्थानीय युवा समिति/गाउँ वा नगर युवा समिति/स्थानीय युवा तथा खेलकुद परिषद्/स्थानीय युवा तथा खेलकुद समिति लगायतका जुनसुकै नाममा संरचना स्थापना गर्न सकिन्छ। स्थानीय तहमा युवा खेलकुद, स्वरोजगार एवं स्काउटिङ लगायतका कार्यहरु गर्नेगरी एकिकृत अभिभावकीय संस्थाका रुपमा यसको विकास समेत गर्न सकिन्छ।

### स्थानीय युवा परिषद् सम्बन्धि अन्तराष्ट्रिय अभ्यासहरु

विश्वका विभिन्न मुलुकहरुमा आ-आफ्ना कानुन अनुसार स्थानीय युवा परिषद् गठन तथा स्थापनामा भिन्नता रहेको देखिन्छ । बेलायतमा स्थानीय युवाहरुमध्येबाट प्रत्यक्ष निर्बाचन मार्फत काउन्सिलद्वारा १० देखि ३० सदस्य रहने गरी स्थानीय युवा परिषद्को गठन गरिन्छ। संयुक्त राज्य अमेरिकामा स्थानीय सरकारसँग सिधा सहकार्य गर्नेगरी ५ देखि १५ सदस्य स्थानीय युवा सल्लाहकार परिषद्हरु क्रियाशिल छन। जहाँ समाबेशि सिदान्त अनुससार स्थानीय युवाहरुलाई आवेदन मार्फत चयन गर्ने व्यवस्था रहेको छ। अष्ट्रेलियामा स्थानीय सरकार र गैर सरकारी संस्थाहरुले आवेदन र अन्तरवार्ता मार्फत १० देखि २५ सदस्सीय पदाधिकारी चयन गरी युवा परिषद्को स्थापना गरिन्छ। फिलिपिन्समा प्रत्यक्ष निर्बाचन मार्फत सदस्यहरु चयन गरी ३ बर्षे कार्यकाल सहित प्रत्येक बरोङगाय (स्थानीय तह) मा ८ सदस्सीय स्थानीय युवा परिषद् अनिबार्य गठन गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै भारतमा सबै पंचायत तथा नगरपालिकामा समावेशि प्रतिनिधित्व हुने गरी निर्बाचन वा मनोनयन मार्फत सदस्यहरु चयन गरी २ बर्षे कार्यकाल सहितको ५ देखि १५ सदस्सीय स्थानीय युवा समितिहरु स्थापना गरिएका

छन। बेलायत र भारतमा पालिका अन्तर्गत संचालित छन भने अन्य केही मुलुकमा आंशिक स्वायत्तता रहेको देखिन्छ।

**नेपालमा स्थानीय युवा परिषद् गठनका मोडल वा विकल्पहरु**

स्थानीय युवा परिषद् गठन सम्बन्धमा बनेका कानुनहरुमा बिभिन्न विविधताहरु रहेका छन। कुनै पालिकाले स्थानीय युवा परिषद् ऐन त कुनै पालिकाले कार्यविधिको रुपमा पारित गरी कार्यान्वयनमा ल्याएको देखिन्छ। कुनै पालिकामा स्थानीय युवा परिषद्को अध्यक्ष कुनै पालिकामा उपाध्यक्ष र कुनैमा सदस्य सचिवको व्यवस्था गरी कार्यकारी भूमिका दिईएको देखिन्छ। गठन प्रकृयाका साथै सदस्य संख्यामा समेत भिन्नता रहेको देखिन्छ। तसर्थ सबै स्थानीय तहमा एकरुपता तथा सहजताको लागि अनुसूची २ मा स्थानीय युवा परिषद् सम्बन्धि नमुना कानुन दिईएको छ।

**क) विकल्प १: केन्द्रको मोडल अनुकरण**

१)स्थानीय /गाउँ/नगर युवा परिषद गठन देहायबमाजिम हुनेछः

क) गापा/ नपा अध्यक्ष वा प्रमुख — अध्यक्ष

ख) गाउँ वा नगरकार्यपालिकाले मनोनयन गरेको युवा तथा खेलकुदको क्षेत्रमा कम्तिमा ३ बर्ष काम गरेको स्नातक उपाधि प्राप्त एक जना युवा — उपाध्यक्ष

ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ) युवा विकासको क्षेत्रमा योगदान गरेका बिषयगत ज्ञान सिप अनुभव र विज्ञता भएका युवाहरुमध्ये परिषदले मनोनित गरेका एक जना महिला सहित २ जना — सदस्य

ङ) वडास्तरीय युवा क्लबका सदस्यबाट परिषदले मनोनित गरेको एक जना महिला सहित २ जना — सदस्य

च) युवाको हक, हित संरक्षण र सम्वर्द्धनमा बिशेष योगदान पु-याएका युवाहरुमध्येबाट आदिवासि जनजाति, दलित, अपाङ्गता भएका, मधेशि, थारु, मुस्लिम, विपन्न, सिमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक लगायतका विशेष समुदायबाट प्रतिनिधित्व हुनेगरी परिषदले मनोनित गरेको युवा २ जना — सदस्य

छ) सामाजिक विकास समिति संयोजक — सदस्य

ज) शिक्षा युवा तथा खेलकुद शाखा/युवा हेर्ने शाखा प्रमुख वा निजले तोकेको व्यक्ति — सदस्य सचिव

**ख) विकल्प २: अध्यक्षात्मक मोडल**

१)स्थानीय /गाउँ/नगर युवा परिषद गठन देहायबमाजिम हुनेछः

क) गाउँ वा नगरकार्यपालिकाले मनोनयन गरेको युवा तथा खेलकुदको क्षेत्रमा कम्तिमा ५ बर्ष काम गरेको स्नातक उपाधि प्राप्त एक जना युवा — अध्यक्ष

ख) सामाजिक विकास समिति संयोजक सदस्य

ग) युवा विकासको क्षेत्रमा योगदान गरेका युवा मध्ये परिषदले मनोनित गरेका एक जना महिला सहित २ जना सदस्य

घ) वडास्तरीय युवा क्लबका सदस्यबाट परिषदले मनोनित गरेको एक जना महिला सहित २ जना सदस्य

ङ) युवाको हक, हित संरक्षण र सम्वर्द्धनमा बिशेष योगदान पु-याएका युवाहरुमध्येबाट आदिवासि जनजाति, दलित, अपाङ्गता भएका, मधेशि थारु मुस्लिम विपन्न सिमान्तकृत लोपोन्मुख अल्पसंख्यक लगायतका विशेष समुदायबाट प्रतिनिधित्व हुनेगरी परिषदले मनोनित गरेको युवा ३ जना सदस्य

च) शिक्षा युवा तथा खेलकुद शाखा / युवा हेर्ने शाखा प्रमुख वा निजले तोकेको व्यक्ति सदस्य सचिव

## ग) विकल्प ३ः सदस्य सचिवको मोडल

१)स्थानीय /गाउँ /नगर युवा परिषद गठन देहायबमाजिम हुनेछः

क) गापा/ नपा अध्यक्ष वा प्रमुख अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य

ग) युवा विकासको क्षेत्रमा योगदान गरेका युवा मध्ये परिषदले मनोनित गरेका एक जना महिला सहित २ जना सदस्य

घ) वडास्तरीय युवा क्लबका सदस्यबाट परिषदले मनोनित गरेको एक जना महिला सहित २ जना सदस्य

ङ) युवाको हक, हित संरक्षण र सम्वर्द्धनमा बिशेष योगदान पु-याएका युवाहरुमध्येबाट आदिवासि जनजाति, दलित, अपाङ्गता भएका, मधेशि थारु मुस्लिम विपन्न सिमान्तकृत लोपोन्मुख अल्पसंख्यक लगायतका विशेष समुदायबाट प्रतिनिधित्व हुनेगरी परिषदले मनोनित गरेको युवा ३ जना सदस्य

च) सामाजिक विकास समिति संयोजक सदस्य

छ) गाउँ वा नगरकार्यपालिकाले मनोनयन गरेको युवा तथा खेलकुदको क्षेत्रमा कम्तिमा ५ बर्ष काम गरेको स्नातक उपाधि प्राप्त एक जना युवा सदस्य सचिव

## घ) विकल्प ४ः संक्षिप्त मोडल

१)स्थानीय /गाउँ /नगर युवा परिषद गठन देहायबमाजिम हुनेछः

क) गापा/ नपा अध्यक्ष वा प्रमुख अध्यक्ष

ख) गाउँ वा नगरकार्यपालिकाले मनोनयन गरेको युवा तथा खेलकुदको क्षेत्रमा कम्तिमा ५ बर्ष काम गरेको स्नातक उपाधि प्राप्त एक जना युवा उपाध्यक्ष

ग) युवा विकासको क्षेत्रमा योगदान गरेका युवा मध्ये परिषदले मनोनित गरेका एक जना महिला सहित २ जना सदस्य

घ) शिक्षा युवा तथा खेलकुद शाखा/युवा हेर्ने शाखा प्रमुख वा निजले तोकेको व्यक्ति सदस्य सचिव

*(यसरी ५ देखि १५ सदस्यीय गठन गर्न सकिने र सदस्यहरुको योग्यता कम्तिमा स्नातक राख्ने तर स्थानीय तहको क्षेत्रभित्र स्नातक तह उत्तीर्ण युवा नपाइएमा कक्षा १२ उत्तीर्ण गरेको युवालाई मनोनयन गर्न सकिनेछ ।साथै अनुभवलाई समेत आबश्यक्तानुसार परिमार्जन गर्न सकिनेछ।)*

## परिच्छेद ६: विविध

### स्थानीय युवा परिषद्को कार्यक्षेत्र

स्थानीय तहमा स्थानीय युवा परिषद्ले गर्नसक्ने कामका क्षेत्रहरु देहाय बमोजिमका हुन सक्नेछन।

- युवा सम्बन्धि स्थानीय नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा,
- शिक्षा, श्रम, सिप, उद्यमशिलता र रोजगारी तथा स्वरोजगार प्रवर्द्धन,
- युवा इन्क्युवेसन, नवप्रवर्तनशिलता, सिर्जनशिलता, विज्ञान र सूचना प्रविधिको अभिबृद्धि,
- युवामा अनुशासन, गतिशिलता र सामाजिक उतरदायित्व बोध,
- युवा स्वयंसेवक परिचालन, स्काउटीङ र परामर्श तथा मार्गदर्शन,
- युवा जागरण, सशक्तिकरण, सवलिकरण र सहभागीता अभिबृद्धि,
- युवाको नेतृत्व, व्यक्तित्व, वक्तित्व र क्षमता अभिबृद्धि,
- कला, साहित्य, संस्कृति, खेलकुद, मनोरञ्जन, दिगो बिकास, विपद तथा बाताबरण संरक्षणमा युवा सहभागिता अभिबृद्धि,
- युवाहरुको सर्वाङ्गिन बिकासमा केन्द्रित भइ गाँउ/नगर पालिकाको समृद्धिका लागि उत्प्रेरित युवा जनशक्ति निर्माण,
- सामाजिक सुरक्षा, सचेतना, सत्चरित्रता, सद्भाव र सहिष्णुता अभिबृद्धि,
- देशभक्ति, राष्ट्रियता, स्वतन्त्रता, स्वाधिनता, सार्वभौमसत्ता लगायतको अभिबृद्धि,
- आन्तरिक तथा अन्तर निकाय समन्वय, सहकार्य, साझेदारी र सहयोग अभिबृद्धि,
- अन्य सम्बन्धित तोकिए बमोजिमका कार्यक्षेत्रहरु ।

**स्थानीय युवा परिषद् गठन तथा सवलीकरणमा राष्ट्रिय युवा परिषद्को भूमिका**

- राष्ट्रिय युवा नीति २०७२, राष्ट्रिय युवा परिषद ऐन २०७२, युथ भिजन २०२५ तथा दशवर्षे रणनीतिक योजनाका आधारमा युवा सम्बन्धि राष्ट्रिय नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा,
- स्थानीय युवा परिषद्का लागि आबश्यक बिभिन्न दिग्दर्शन, मार्गदर्शन, नमुना कानुन, कार्यबिधिहरु तर्जुमा,
- स्थानीय युवा परिषद् गठन, स्थापना र सबलीकरणका लागि आबश्यक सहयोग, परामर्श र सहजीकरण,
- स्थानीय युवा परिषद्लाइ प्राबिधिक, प्रशासनिक र वितीय सुझाव तथा सहायता प्रवाह,
- स्थानीय युवा परिषद्को सक्षमता अभिबृद्धि,
- स्थानीय युवा परिषद्का लागि अनुकरणयोग्य उद्यमशिलता, नवप्रवर्तनशिलता, सिर्जनशिलता, इन्क्युवेसन र विज्ञान तथा सूचना प्रविधिको  अभिबृद्धि,
- अन्तर तह, अन्तर निकाय तथा अन्तर देशिय समन्वय, सहकार्य र साझेदारी,

**अनुसूचीहरु**